समृद्धिका लागि समुदाय संग संगै

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

Client Protection Certified – the smart campaign – Awarded April 2021

## ३१औं वार्षिक साधारण सभा

वार्षिक प्रगति प्रतिवेदन २०८१/८२

ANNUAL REPORT 2024/25

## सञ्चालक समिति



सुरेन्द्र कुमार शाह
(अध्यक्ष)



टिकेन्द्र बहादुर थापा
(उपाध्यक्ष)



लोकराज तिमिल्सैना
(सचिव)



मयाराम धमाला
(कोषाध्यक्ष)



दिनेश कुमार चलाउने
(सह-सचिव)



पतिराम चौधरी
(सदस्य)



जयरुप बुढा
(सदस्य)



मनिराम न्यौपाने
(सदस्य)



सरोज कुमार शाह
(सदस्य)



चन्द्रा सिंह
(सदस्य)



निर बहादुर शाह
(सदस्य)

## सल्लाहकार समिति



उदयराम खनाल
(संयोजक)



कमल राज जोशी
(सदस्य)



शिव बहादुर स्वाँर
(सदस्य)

## लेखा सुपरीवेक्षण समिति



नृप बहादुर कुँवर
(संयोजक)



देवानन्द जैशी बजगाई
(सदस्य)



कृष्ण बहादुर रावल
(सदस्य)



नमराज उपाध्याय
(जिल्ला प्रतिनिधि)



डम्बर बहादुर शाह
(महाप्रबन्धक)

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

प्रकाशित मिति : २०८२ कार्तिक २० गते

## ३१ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना।

यस संस्थाको सञ्चालक समितिको मिति २०८२ असोज २६ गतेका दिन बसेको बैठकको निर्णय अनुसार यस संस्थाको ३१ औ बार्षिक साधारणसभा यस संस्थाको विनियम बमोजिम कार्यक्षेत्रमा मंसिर २४ गते देखि पौष १ गते सम्म एकाई भेला गरि पुस ५ गते अन्तिमसभा केन्द्रीय कार्यालय लम्की, कैलालीमा हुने व्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा जानकारी गराईन्छ । साधारणसभामा भौतिक रूपमा उपस्थीत हुन नसक्ने शेयर सदस्यहरूका लागि सम्बन्धित शाखा तथा ईमेल info@kisancoop.com मार्फत सुझाव संकलन गर्ने व्यवस्था मिलाईएकोले आवश्यक सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**३१ औं साधारणसभामा सञ्चालक समितिको तर्फबाट पेश भएका प्रस्ताव एवं साधारणसभाको कार्यसूची देहाय बमोजिम रहेको छ ।**

**साधारणसभाको कार्यसूची :**

१. गत (३० औं) साधारण सभाका निर्णयहरू बारे जानकारी गराउने ।
२. सञ्चालक समितिको प्रतिवेदन स्वीकृतार्थ पेश गर्ने ।
३. आ.व. २०८१/०८२ को आय-व्याय,नाफा-नोक्सान तथा वासलात स्वीकृतार्थ पेश गर्ने ।
४. लेखा सुपरिवेक्षण समिति तथा लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
५. संचालक समितिबाट स्वीकृति भई अनुमोदन गराउनुपर्ने विषयहरू सम्बन्धमा ।
६. लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७. आ.व. २०८२/०८३ को वार्षिक निति तथा कार्यक्रम तथा प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।
८. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
९. शेयर लाभांश तथा संरक्षित पुँजीकोष बाँडफाँड सम्बन्धमा ।
१०. नियमावली, कार्यविधिहरू पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।
११. गैर बैकिंग/सहकारी सम्पत्ती बिक्री सम्बन्धमा ।
१२. संस्थाको कार्यालय प्रयोजनका लागि घर-जग्गा खरिद सम्बन्धमा ।
१३. एकीकरण तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा
१४. अन्य आवश्यक विषयहरू सम्बन्धमा । (प्राप्त सुझावहरू माथि छलफल)

**प्रतिवेदन बुझिलिने तथा सुझाव पेश गर्ने स्थान तथा समय :**

मिति : २०८२ मंसिर १ गते देखि मंसिर २० गते सम्म
समय : बिहान १० बजे देखि ४ बजे सम्म
स्थान : संस्थाका सम्पुर्ण शाखाहरूमा

- संस्थाको वेवसाईट www.kisancoop.com रिपोर्टमा गई प्रतिवेदन डाउनलोड गर्न सक्नुहुनेछ ।
- सुझावका लागि यस प्रतिवेदनमा रहेको सुझाव फारम भरी सम्बन्धित शाखा कार्यालयमा पेश गर्न सकिने छ । साथै info@kisancoop.com मा ईमेल मार्फत तथा शाखामा रहेका सुझाव पेटीकाहरू मार्फत मंसिर २० गते भित्र पेश गर्न सकिने छ ।

प्रतिनिधि चयन : अन्तिम साधारणसभामा सहभागिताका लागि प्रति एकाई प्रतिनिधि संख्या तल उल्लेखित अनुसार रहनेछन् । एकाई प्रतिनिधिका रूपमा अन्तिम साधारणसभामा सहभागी हुन ईच्छुक सदस्यले यस वार्षिक प्रतिवेदनको अन्तिम पेजमा रहेको आवेदन भरी मंसिर २० गते भित्र सम्बन्धित शाखा कार्यालयमा पेश गर्नु पर्नेछ । प्रतिनिधिका लागि आवेदन दिने सदस्यहरूलाई तपसिल अनुसारको मितिमा हुने एकाई भेलाबाट प्रतिनिधि छनोट गरिनेछ ।

तपसिल

| क्र.श. | शाखा | प्रतिनिधी संख्या | एकाई भेला मिति | शाखा प्रमुख | फोन नम्वर |
|---|---|---|---|---|---|
| १ | भिमदत्त | ४ | मंसिर २४ गते | पदम सिहं खड्का | ९८०१९७१४०० |
| २ | दोधाराचादनी | २ | मंसिर २४ गते | लोकेन्द्र गौतम | ९८०१९७१४४४ |
| ३ | दैजि | ३ | मंसिर २४ गते | अनिल चौधरी | ९८०१९७१४४५ |
| ४ | शुक्लाफाटा | ३ | मंसिर २४ गते | कृष्ण बहादुर साउँद | ९८०१९७१४६२ |
| ५ | कृष्णपुर | ३ | मंसिर २४ गते | सन्तोष चौधरी | ९८०१९७१४२१ |
| ६ | पुर्नवास | ३ | मंसिर २४ गते | डम्बर राज जैसी | ९८०२५०७१६५ |
| ७ | बेलौरी | ३ | मंसिर २४ गते | सुरेश चौधरी | ९८०१९७१४६८ |
| ८ | जोशिपुर | ७ | मंसिर २५ गते | भरत भण्डारी | ९८०२५०७१६९ |
| ९ | भजनी | ४ | मंसिर २५ गते | सपना ओली | ९८०१९७१४७२ |
| १० | मोतिचोक | २ | मंसिर २५ गते | भरत विष्ट | ९८०१९७१४७७ |
| ११ | धनगढी | ६ | | बिनोद मिजार | ९८०२५०७१५१ |
| १२ | अत्तरिया | ६ | मंसिर २५ गते | चक्र भण्डारी | ९८०२५०७१६७ |
| १३ | गेटा | ३ | | रोशन भण्डारी | ९८०१९७१४१५ |
| १४ | हसुलिया | ५ | मंसिर २५ गते | सुरेश बहादुर चौधरी | ९८०१९७१४७४ |
| १५ | फुलवारी | ५ | मंसिर २५ गते | दिलमाया थापामगर | ९८०१९७१४६० |
| १६ | पहलमानपुर | ५ | मंसिर २६ गते | लोकेन्द्र सुनार | ९८०१९७१४७६ |
| १७ | सुखड | ५ | मंसिर २६ गते | जनक राज ढुंगाना | ९८०१९७१४७३ |
| १८ | नारायणपुर | ५ | मंसिर २६ गते | नवराज देवकोटा | ९८०२५०७१७५ |
| १९ | राजापुर (गणेशबाबा) | २ | मंसिर २६ गते | राम बहादुर वि क | ९८०१९७१४६५ |
| २० | टिकापुर | ८ | मंसिर २६ गते | चन्द्रकान्त रेग्मी | ९८०२५०७१७८ |
| २१ | टिकापुर वि | ४ | | दुर्गा प्रसाद उपाध्याय | ९८०२५०७१७३ |
| २२ | बौनिया | ५ | मंसिर २६ गते | बालाराम जोशी | ९८०१९७१४५२ |
| २३ | पथरैया | ४ | मंसिर २७ गते | प्रविण चौधरी | ९८०१९७१४५६ |
| २४ | प्रतापपुर | ४ | मंसिर २७ गते | खेमराज मुडभरी | ९८०१९७१४५९ |
| २५ | सोल्टा | २ | मंसिर २७ गते | अमित कुमार चौधरी | ९८०१९७१४३९ |
| २६ | लम्की | ८ | मंसिर २७ गते | कमल बहादुर कोली | ९८०१९७१४७५ |
| २७ | लम्की वि | १० | | एकिन्द्र शाह | ९८०१७१५०८० |
| २८ | चौमाला | ५ | मंसिर २७ गते | जनक बिष्ट | ९८०२५०७१७७ |
| २९ | राजीपुर | २ | | राम बहादुर चौधरी | ९८०१७१५०७९ |
| ३० | मसुरिया | ५ | मंसिर २७ गते | सुनिल चौधरी | ९८०१९७१४५४ |
| ३१ | सहजपुर | ३ | मंसिर २८ गते | दिनेश राज न्यौपाने | ९८०१९७१४१८ |
| ३२ | जोरायल | २ | मंसिर २८ गते | किरण कुमारी चौधरी | ९८०२५०७१७२ |
| ३३ | आलिताल | ३ | मंसिर २८ गते | सुरजकला शाही | ९८०२५०७१७१ |
| ३४ | पाटन | २ | मंसिर २९ गते | देश राम चौधरी | ९८०१९७१४२९ |
| ३५ | अमरगढी | २ | मंसिर २९ गते | बासुभ रावत | ९८०१९७१४०८ |
| ३६ | दिपायलशिलगढी | २ | पौष १ गते | विजय प्रसाद डगौरा | ९८०१९७१४७० |
| ३७ | शिखर | २ | पौष १ गते | धर्मराज भट्टराई | ९८०१९७१४७१ |
| ३८ | कमलबजार | ३ | पौष १ गते | तप्त बहादुर खत्री | ९८०२५०७१६४ |
| ३९ | मंगलसेन | २ | पौष १ गते | रमेश बहादुर सोडारी | ९८०१७१५०९६ |
| ४० | साफेवगर | २ | पौष १ गते | बिरेन्द्र प्रसाद जैसी | ९८०१९७१४३४ |

नोट : साधारणसभा/एकाई भेलामा सहभागीहुनका लागि शेयर-सदस्य परिचयपत्र अनिवार्य रहनेछ ।

लोकराज तिमिल्सेना

सचिव

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

## ३१ औं वार्षिक साधारण सभामा अध्यक्ष ज्यूको मन्तव्य



३१ औं बार्षिक साधारणसभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथीज्यूहरू, विभिन्न एकाईबाट प्रतिनिधित्व गरेर आउनु भएका एकाई प्रतिनीधि ज्यूहरू, नियमनकारी निकायबाट पाल्नुभएका प्रतिनिधिज्यूहरू तथा पर्यवेक्षकज्यूहरू, सञ्चारकर्मी महानुभावहरू, उपस्थित सदस्य महानुभावहरूका साथै अन्य सञ्चारका विभिन्न माध्यम मार्फत यस गरीमामय सभालाई सुन्ने तथा हेर्ने सम्पूर्ण महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस साधारण सभामा संचालक समितिका तर्फबाट पेश गरिएको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन समेत सम्पूर्ण शेयरसदस्य महानुभावहरूलाई पठाउनुका साथै यस संस्थाको आधिकारिक वेबसाइटमा समेत राखिएको हुनाले यहाँहरूबाट अध्ययन भइसकेको होला भन्ने विश्वास लिएको छु । संस्थाको हाल सम्मको उपलब्धिलाई विश्लेषणात्मक अध्ययन गरिरहनु भएका आदरणीय शेयरसदस्य महानुभावहरूबाट यस साधारण सभामार्फत आगामी दिनका लागि संस्थाले लिनु पर्ने दिशा सम्बन्धमा उपयुक्त मार्गदर्शनको अपेक्षा राखेको छु ।

**आदरणीय शेयरसदस्य महानुभावहरु,**

सर्वप्रथम, किसान बहुउद्देश्यीय सहकारी संस्था लि.को ३१ औं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा र उत्साहलाई थप उच्च बनाइदिनु भएका आदरणीय शेयर सदस्य महानुभावहरू, विभिन्न निकायका प्रतिनिधिहरू, कर्मचारी साथीहरू तथा आम शुभेच्छुक महानुभावहरूमा सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत, नमस्कार तथा शुभकामना व्यक्त गर्दछु । सञ्चालक समिति संस्थाका शेयर सदस्यहरूको अमूल्य विश्वास र अपेक्षाको प्रतिनिधि निकाय हो । यस समितिको मुख्य उद्देश्य संस्थाको सर्वोपरि हितमा कार्य गर्दै, पारदर्शिता, उत्तरदायित्व र सुशासनका मूल सिद्धान्तमा आधारित रही संस्थालाई सबल, सक्षम र दिगो बनाउने रहेको छ । हामी सबैको साझा प्रयास, शेयर सदस्यहरूको विश्वास, नियमनकारी निकायहरूको मार्गनिर्देशन र शुभेच्छुकहरूको सहयोगका कारण संस्था आज निरन्तर उन्नति र प्रगतिको बाटोमा दृढताका साथ अघि बढिरहेको छ । बदलिँदो आर्थिक परिस्थितिको सूक्ष्म विश्लेषण गर्दै, जोखिम सचेत रणनीतिहरू अपनाई, संस्थाको व्यवसायलाई विवेकपूर्ण र संयमित ढंगले विस्तार गर्न सफल भएका छौं । हामी भविष्यमा पनि यही प्रतिबद्धता, पारदर्शिता र निष्ठाको भावनाका साथ सहकारीका मूल्य र सिद्धान्तप्रति अटल रहँदै संस्थालाई अझ मजबुत, आत्मनिर्भर र सदस्यमुखी बनाउन निरन्तर प्रयत्नशील रहनेछौं ।

वि.सं. २०५२ साल कार्तिक १७ गते, स्थानीय व्यक्तिहरूको सानो समूहले "संग-संगै अघि बढ्ने" सपना बोकेर यो सहकारीको बीऊ रोप्यो । त्यो बीऊ आज विशाल वृक्ष बनिसकेको छ । जसको छायाँमा

हजारौं सदस्यहरूको विश्वास, श्रम र जीवन जोडिएको छ । मलखाद र खाद्यान्नको खरिद-बिक्रीबाट सुरू भएको हाम्रो यात्रा, वि. सं. २०५४ सालमा नेपाल राष्ट्र बैंकको नियमनमा प्रवेश गर्दै बचत तथा ऋण सेवामा अघि बढ्यो । राष्ट्र बैंकको नियमनबाट स्वनियमनमा परिवर्तन हुँदा हामीले संस्थागत अनुशासन, पारदर्शिता र उत्तरदायित्वलाई कहिल्यै कमजोर हुन दिएनौं । आज पनि हाम्रो संस्था त्यसै समयको अनुशासन र सदाचारमा उभिएको छ । देशभर सहकारीप्रतिको जनभरोसा खस्कदो अवस्थामा रहनु हामी सहकारीकर्मीका लागि चाँसो र चिन्ताको विषय हो । सहकारी क्षेत्रमा केही सिमित सञ्चालक तथा व्यवस्थापकको व्यक्तिगत लोभ, लालच र मोलाहिजाका कारण समग्र सहकारी आन्दोलनलाई धक्का पुगेको छ । सहकारीमा उच्च नैतिकता कायम गर्ने गरी गर्न नीतिगत सर्वोच्चता, कार्यगत एकरूपता कायम गर्ने साथै स्वार्थ रहित, सदाचार, जवाफदेहिता, इमान्दारिता, पारदर्शितामा जोड दिने हो भने जुनुसुकै परिस्थितीमा पनि विचलित हुनु पर्दैन भन्ने हाम्रो मान्यता रहदै आएको छ । त्यसैले यस परिस्थितीमा हाम्रो संस्था विश्वास, पारदर्शिता र सुशासनको प्रतीक बनेर नमुनाका रूपमा देखिनु हामी सबैका लागि गर्वको कुरा हो ।

विगत केही वर्षयता मुलुकले भोलिरहेको आर्थिक संकुचनको प्रभावबाट देशको समग्र अर्थतन्त्र अझै पनि पूर्णरूपमा उकासिन सकेको छैन । वस्तु आयात र निर्यात व्यापारमा आएको गिरावटका कारण नेपाल सरकारको राजस्व संकलन लक्ष्यभन्दा न्यून रहँदा, सरकारी ऋण निरन्तर बढ्दै गएको र त्यसले अर्थतन्त्रमा असन्तुलनको गहिरो प्रभाव पारेको देखिन्छ । केही समयअघि चरम तरलता अभावको सामना गर्न बाध्य बनेको बैंकिङ्ग क्षेत्र अहिले भने पुनः अत्यधिक तरलताको समस्याबाट ग्रस्त भएको छ । आर्थिक क्रियाकलापहरूको दृष्टिले हेर्दा – तरलताको अभाव र अत्याधिक तरलता दुवै अवस्था स्वस्थ अर्थतन्त्रका सूचक होइनन् । समिक्षा आर्थिक वर्षमा विप्रेषण (Remittance) प्रवाहमा उल्लेखनीय सुधार देखिँदा बैंकिङ्ग क्षेत्रमा प्रशस्त तरलता उपलब्ध भएको र विदेशी मुद्राको सञ्चिती समेत बढेको छ । यसको परिणामस्वरूप कर्जाको ब्याजदरमा केही गिरावट आएको छ, जसले उद्योग तथा व्यवसायीहरूलाई अल्पकालीन राहत दिएको छ । तर, समग्र अर्थतन्त्रले अपेक्षित गति लिन नसक्दा, धेरै उद्योग तथा व्यवसायहरू न्यून क्षमतामा सञ्चालन हुन बाध्य भएका छन् । उत्पादन र बिक्री घट्दा तिनले आफ्ना सञ्चालन खर्च समेत धान्न कठिनाइ भोगिरहेका छन्, जसका कारण नयाँ परियोजनामा लगानीको माग पनि अत्यन्त न्यून देखिएको छ । अर्को तर्फ राजनीतिक अस्थितरता र अन्यौलता एवं नीतिगत जटिलताका कारण लगानी गर्ने वातावरण उत्साहजनक नभएको भन्दै उद्योगी व्यवसायीहरूले गुनासो गर्दै आएका छन् । त्यस तर्फ राज्य संयन्त्रले गम्भिर भई सोच्नु पर्ने अवस्था छ ।

वर्तमान आर्थिक संकुचनको वातावरणमा यदि शीघ्र सुधारका उपायहरू लागू गरिएन भने नयाँ लगानीको विस्तार सुस्त रहने मात्र होइन, प्रवाहित कर्जाको साँवा, ब्याज असुली र यसको गुणस्तर कायम राख्ने कार्य पनि चुनौतीपूर्ण बन्ने देखिन्छ । बैकहरूको खराब कर्जा दर (NPL) र गैरबैकिङ्ग सम्पत्ती (NBA) बढ्दै गईरहेको छ । यद्यपि, पछिल्ला महिनाहरूमा राजस्व असुलीमा देखिएको सुधार, सरकारी स्रोत परिचालनमा आएको गति, विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि, शेयर बजारमा देखिएको अल्पकालीन सुधार तथा कर्जाको मागमा भिनो विस्तारले भविष्यका लागि सकारात्मक संकेतहरू दर्शाएको छ । नेपालको कमजोर अर्थतन्त्र क्रमशः पुनर्जीवनको दिशातर्फ अघि बढ्दै गएको हो कि भन्ने आशा पनि जगाएको

छ । तर पनि, वस्तु तथा सेवाको माग अझै सुस्त रहँदा निजी क्षेत्र ठूलो दवावमा रहेको छ । बैंक तथा वित्तीय संस्थाबाट लिइएका कर्जाको साँवा, ब्याज र किस्ता भुक्तानी गर्न नसकी थलिएको निजी क्षेत्रको मनोबल उच्च पार्नका लागि सम्बन्धित नियामक निकाय, नीति-निर्माताहरू र निजी क्षेत्रबीचको सहकार्य अत्यन्त आवश्यक भएको महसुस गरिएको छ । संक्षेपमा भन्नुपर्दा, आर्थिक संकुचनको यो चरणले चुनौती र सम्भावना दुवै पक्ष उजागर गरेको छ — चुनौती भनेको तत्काल राहत र संरचनागत सुधारको आवश्यकता हो, र सम्भावना भनेको नेपालको अर्थतन्त्र फेरि पुनरूत्थानको बाटोतर्फ अघि बढ्न थालेको आशा हो ।

**शेयर सदस्य महानुभावहरु,**

समिक्षा आ.व. समाप्त भएसँगै, चालु आर्थिक वर्षको पहिलो त्रैमास नसकिँदै मुलुकले भोग्नुपरेको राजनीतिक अस्थिरता र असामान्य परिस्थितिको प्रभाव हामी सबैका लागि चिन्ताको विषय बनेको छ । गत भाद्र २३ र २४ गते घटित घटनाले मुलुकलाई भयावह राजनीतिक चुनौतीको सामना गर्न बाध्य बनायो, जुन घटना नेपाली राजनीतिक इतिहासकै एक दुर्लभ र गहिरो मोडको रूपमा दर्ज भएको छ ।

यस पटकको सत्ता परिवर्तन केवल दलगत प्रतिस्पर्धासम्म सीमित रहेन — यसले विशेषगरी जेन-जी (Gen Z) पुस्तामा रहेको निराशा, असन्तोष र विद्रोहको भावना उजागर गर्‍यो । युवापुस्ताको यो उठान केवल विरोधको स्वर मात्रै होइन, बरू देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणको दिशामा नयाँ युगको संकेत पनि हो भन्ने धारणा व्यापक रूपमा फैलिएको छ ।

विगतका वेथिती, असमानता, भ्रष्टाचार र अकर्मण्यताले सिर्जना गरेको यो परिस्थिति अब केवल आलोचना र प्रतिरक्षाको होइन, समाधान र रूपान्तरणको चरणमा प्रवेश गरिरहेको छ । आर्थिक, राजनीतिक र सामाजिक रूपान्तरणमा साहसपूर्वक अघि बढ्नु नै हाम्रो अबको साझा जिम्मेवारी र विकल्प हो । यो परिस्थिति क्षणिक वा सतही होइन — यसको प्रभाव दीर्घकालीन हुनेछ । यसले केही नकारात्मक चुनौतीहरू ल्याउने निश्चित छ, तर यिनै चुनौतीहरू बीच सुधार र पुनःनिर्माणको अवसर पनि लुकेको छ । यदि हामीले उद्योग, व्यवसायी र लगानीकर्ताहरूको मनोबल पुनः जगाउन सकेनौं भने, देश गम्भीर आर्थिक संकटतर्फ धकेलिन सक्ने चिन्ता स्वाभाविक छ । तर त्यही संकटका गर्भभित्र आशाको किरण पनि लुकेको छ — यदि विगतका कमजोरीहरूलाई सुधार गर्दै दूरदृष्टियुक्त नीति, पारदर्शी शासन र जवाफदेही नेतृत्वको खाका कोर्न सकियो भने, नेपाल फेरि उठ्न सक्छ; धुलोबाट उठेर पनि विकासको गति पुनः प्राप्त गर्न सकिन्छ । हामीले संसारका उदाहरणहरू देखेका छौं — कुनै समय परमाणु बमले पूर्ण रूपमा ध्वस्त भएका शहरहरू आज विश्वका प्रमुख आर्थिक केन्द्र बनेका छन् । त्यसैले, हामी निराश होइन, दृढसंकल्प हुनुपर्छ । हाम्रा साझा प्रयास, दूरदृष्टि र एकताको भावनाले अवश्य पनि मुलुकलाई पुनः समृद्धिको मार्गमा डोर्‍याउने छ ।

मैले अघि उल्लेख गरेझैं, मुलुकको समग्र अर्थतन्त्र जब दबाबमा पर्दछ, त्यस्तो अवस्थामा वित्तीय क्षेत्र पनि त्यसबाट अछुतो रहन सक्दैन । हाल देशको आर्थिक सुस्त गतिले बैंक तथा वित्तीय संस्थाका ऋणीहरूमा प्रत्यक्ष असर पारेको छ, जसको परिणामस्वरूप ऋणको साँवा र ब्याज भुक्तानी क्षमतामा उल्लेखनीय ह्रास आएको देखिन्छ । यसकै प्रभावस्वरूप, बैंकिङ्ग क्षेत्रको निष्क्रिय कर्जा (NPL) ऐतिहासिक

रूपमा उच्चतम बिन्दुमा पुगेको छ, जुन सम्पूर्ण वित्तीय प्रणालीका लागि चिन्ताजनक संकेत हो । यस्तो चुनौतीपूर्ण परिवेशमा, कर्जाको जोखिम न्यूनीकरण र कर्जा गुणस्तरको संरक्षण हाम्रो प्राथमिक कार्यक्षेत्रको रूपमा स्थापित भएको छ । संस्थाले जोखिम व्यवस्थापनका विभिन्न नीति, कार्ययोजना र निगरानी संयन्त्रहरूलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्दै, संभावित नोक्सानीलाई न्यूनतममा सीमित गर्न निरन्तर प्रयासरत छ । खर्चका सिमाहरू घटाउँदै स्वपूँजी निर्माणमा संस्थाले ऐतिहासिक उपलब्धी हाँसील गरेको छ । गत आ.व.बाट हामीले बाह्य कर्जा शुन्यमा झारेका छौ । अब आफ्नै स्वपूँजी र पारस्परिक सहअस्तित्वमा आधारित सहकारीको रूपमा स्थापित हुने संस्थाको यात्रा शुरू भएको समेत म यसै सभा मार्फत घोषणा गर्दछु ।

संस्थाले विगतका वर्षहरूमा झैं यस वर्ष पनि मान्यता प्राप्त लेखापरीक्षकबाट वित्तीय विवरणहरूको लेखापरीक्षण सम्पन्न गरी विश्वसनीय, पारदर्शी र नियामक निकायको मापदण्डअनुसारका वित्तीय विवरणहरू तयार पारेको छ । प्रचलित नियम तथा नियामकीय व्यवस्था अनुसार तयार पारिएको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण, जसमा वासलात, नाफा–नोक्सान विवरण, विस्तृत आय विवरण, नगद प्रवाह विवरण, साथै सम्बन्धित अनुसूचीहरू समावेश छन् । सञ्चालक समितिको तर्फबाट गत आर्थिक वर्षको अन्तिममा संस्थाले प्राप्त गरेका उपलब्धीहरूको तथ्य तथ्याँक प्रस्तुत गर्दै यस गरिमामय सभाबाट विस्तृत प्रतिवेदनको स्वीकृतिका लागि अनुरोध गर्दछु ।

**गत आ.व. (२०८१–०८२) को कारोबारको सिंहावलोकन :**

- कुल सम्पत्ति करिब रू. ६ अर्ब ५१ करोड ७ लाख,
- कुल लगानीमा रहेको कर्जा रू. ४ अर्ब ९४ करोड ८० लाख,
- कुल निक्षेप रू. ४ अर्ब ६५ करोड ९७ लाख र
- खुद मुनाफा रू. १४ करोड २४ लाख ३४ हजार रहेको छ ।

**अघिल्लो आ.व. र समिक्षा आ.व.को तुलनात्मक अवस्था :**

- कुल सम्पत्ति बृद्धि दर ६%,
- कुल लगानीमा रहेको कर्जा बृद्धि दर २%,
- कुल निक्षेप बृद्धि दर १७% र
- खुद मुनाफा बृद्धि दर ७९% रहेको छ ।

**संस्थागत विकास तथा सुशासनको अवस्था :**

संस्थामा सुशासनको अवस्थालाई अब्बल बनाउन एवं सदस्य सुरक्षण सिद्धान्तहरूको पूर्णपालनाका लागि संस्थाले अवलम्बन गरिएका नीति अनुरूप गत आ.व.मा तपसिल बमोजिमका उपलब्धीहरू भएका छन् :

- नियमक निकायले जारी गरेका निर्देशनहरूको पूर्ण पालना गरिएको छ । कोपोमिसमा सदस्यलाई आवद्ध गराउने, सम्पत्ती शुद्धिकरण निवारण प्रयोजनका लागि कारोबार गर्ने सदस्यहरूको वर्गिकरण गरि सम्बन्धित निकायमा जानकारी गराउने लगायतका कार्यहरू निरन्तर भईरहेको छ ।

- आन्तरिक लेखा परिक्षण समिति लगायत अन्य उप-समितिहरूले दिने सुझाव तथा निर्देशनहरू पूर्ण कार्यान्यवन गर्ने प्रक्रियालाई निरन्तरता दिईएको छ ।
- सुशासनको अवस्था बुझ्न सहज होस् भन्ने हेतुले सम्पूर्ण शाखाहरूमा गुनासो पेटीका (Complain Box) प्रयोगमा ल्याई सकेका छौ । सदस्यलाई गुनासो दर्ता गर्न सहज होस भनेर पैसा नलाग्ने फोन टोल फ्रि नम्बरको व्यवस्था गरेका छौं । तपाईका सल्लाह सुझाव र गुनासाहरू हामीलाई सुनाउन कृपया पैसा नलाग्ने फोन नं. १६६०९११७३३३ मा फोन गर्नहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई सूचीत गर्न चाहन्छु ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाई सदस्य सुरक्षणका मामिलामा प्रभावकारी कार्यसम्पादन लाई ध्यानमा दिई सदस्य सुरक्षणका दृष्टिकोणले थप नीतिहरू तर्जुमा गरि लागु गरिएको छ । जसमा सदस्यको सन्तुष्टी स्तर मापनका लागि सदस्य सन्तुष्टी एवं बहिरगमन सर्वेक्षण मापदण्ड, गुनासो निराकरण सम्बन्धि कार्यविधि, कर्जा जोखीम नियन्त्रण मापदण्ड लगायतका १९ वटा कार्यविधिहरू लागु गरिएको छ ।
- केन्द्रिय कार्यालयबाट सदस्यका गुनासोहरूको सुनुवाई गर्न विभिन्न तहहरू निर्धारण गरिएको छ । शाखा प्रमुख, ईलाका प्रमूख, विभागिय प्रमूख, महाप्रबन्धक र सञ्चालक समितिलाई समेत सदस्य गुनासो निराकरणका चरणहरूमा जिम्मेवार बनाईएको छ ।
- सदस्यहरूका गुनासोको सहज पहुँच स्थापित गर्न गुनासो सुन्ने विभिन्न विधि तथा प्रविधिहरूको समेत विकास गरिएको छ । जस अन्तर्गत गुनासो बाकस, टोल फ्रि नम्बर, सामाजिक सञ्जाल तथा ईमेल बाट समेत सदस्यहरूले गुनासो राख्न सक्नु हुनेछ ।
- संस्था बहुउद्देश्य प्रकृतीको भएकोले विविध व्यवसाय मार्फत समुदायमा रोजगारी सृजना, उद्यमशिलता प्रवर्द्धन र समुदायको आर्थिक रूपान्तरण संस्थाका ३ मुख्य व्यवसायीक आयामहरू सहकारी वित्तीय सेवा, कृषि सेवा र मार्टका व्यवसायिक सेवालाई एकिकृत रूपमा परिचालन गर्दै आएका छौं ।
- संस्थाका तिनवटै व्यवसायीक युनीट मार्फत बजारमुखी उत्पादन, गुणस्तरीय उपभोग र आम्दानी योग्य श्रमको प्रवर्द्धन गर्ने हाम्रो सोच हो ।
- यदी ईमान्दार एवं लगनशील भएर उद्यमशिलता तर्फ अग्रसर हुने हो भने हामी हाम्रा सदस्यको श्रम र सिपलाई खेर जान दिने छैनौ । तसर्थ, म सम्पूर्ण सदस्यहरूलाई कुनै न कुनै स-सानो व्यवसायमा संलग्न भई आय आर्जन तर्फ अग्रसर हुन अनुरोध गर्दछु ।

## भावि योजना

संस्थाका सम्पूर्ण कारोबारहरूमा निहित जोखिमहरू सन्तुलित ढंगले व्यवस्थापन गरिएको छ, र व्यवस्थापन पक्ष सबल, सक्षम र पारदर्शी रूपमा कार्यरत रहेकाले संस्थाको वित्तीय स्थिति अहिले अत्यन्त स्वस्थ र सुदृढ रहेको छ । संस्था सञ्चालनका हरेक आयाममा स्थायित्व र दिगोपनालाई केन्द्रमा राख्दै, वित्तीय र गैर-वित्तीय कारोबारको दायरा विस्तार गर्ने, नयाँ शाखा र आउटलेटहरू स्थापनासहित सेवा पहुँचको विस्तार गर्ने, कारोबारलाई प्रविधिमैत्री र सुरक्षित बनाउने, र संस्थाको स्तरोन्नति एवं सशक्तिकरणमा केन्द्रित हुने स्पष्ट रणनीति अवलम्बन गरेको छ । साथै, कर्जा विविधीकरण गरेर कर्जामा निहित जोखिमहरूलाई न्यून पार्ने, निक्षेपको लागत तथा सञ्चालन खर्च घटाउने, र पूँजीकोषको स्थिति सुदृढ बनाउने हाम्रो प्रमुख कार्यक्रम रहेको छ ।

आगामी वर्षहरूमा पनि हामी यो संस्थालाई मुलुककै उत्कृष्ट, विश्वसनीय र नमुना सहकारी संस्थाको रूपमा स्थापित गर्न, समुदायको आर्थिक सशक्तीकरण र देशको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउन प्रतिबद्ध रहनेछौं । संक्षेपमा, पारदर्शिता, उत्तरदायित्व र सदस्य-केन्द्रित सेवा नै हाम्रो पहिचान हो, र यही आधारमा हामी निरन्तर प्रगति र उत्कृष्टताको दिशामा अघि बढिरहेका छौं र भविष्यमा समेत बढिरहनेछौं ।

**शाखा समन्वय समितिको गठन :**

शेयरसदस्य महानुभावज्यूहरू, सहकारीको मर्म, सिद्धान्त र अवधारणा भनेकै परिस्थिती जस्तो सुकै होस् एक आपसमा हातेमालो र सहकार्य गर्दै अघि बढ्नु हो । तसर्थ, यो संस्था पनि असहज परिस्थितीको सामना गरिरहेका आफ्ना सदस्यहरूसंग हातेमालो गर्न पछि हट्ने कुरै भएन । हामीले सदस्य सुरक्षणका विश्वव्यापी सिद्धान्तहरूलाई संस्था सञ्चालनको अभिन्न अंगका रूपमा स्थापित गरेका छौ । आगामी दिनमा यो पहिचानलाई जोगाई राख्न सदस्य सन्तुष्टि मापनका लागि सर्वेक्षण गर्ने तथा स्थानिय स्तरमा स्थानिय सदस्यहरूकै सँलग्नता एवं निगरानीमा संस्थाका गतिविधिहरू प्रभावकारी रूपमा सम्पादन गर्न नेतृत्व विकेन्द्रिकरण गर्ने योजना बनाएका छौ । यस अन्तर्गत शाखा समन्वय उपसमितिहरूको गठन प्रकृयालाई अगाढी बढाएका छौ । संस्थाले गर्ने हरेक कृयाकलापहरूमा शाखासमन्वय उपसमितिलाई जिम्मेवार बनाई संस्थागत छवि लाई थप उच्च बनाउने योजना रहेको छ । आगामी दिनहरूमा मौजुदा मापदण्डलाई थप परिस्कृत गरि शाखा समन्वय समिति गठन प्रकृयालाई तिब्र बनाईनेछ ।

**विनियम पुनर्लेखन :**

आदरणीय सेयर सदस्य ज्यू, संस्थाले कार्यक्षेत्र विस्तारका क्रममा एकिकरण मार्फत लुम्बीनी प्रदेशको राजापुर न.पा. सम्म पुगेपछि साविकको नियामक निकाय परिवर्तन भई सहकारी विभागको नियमन दायरामा हाम्रो संस्था परेको छ । यस सन्दर्भमा साविकको विनियम पुनर्लेखन आवश्यक भयो । ३० औ साधारणसभाले पारित गरेको संस्थाको पुनर्लिखित विनियम २०८१ नियमनकारी निकाय सहकारी विभाग काठमाण्डौबाट स्विकृत भएको व्यहोरा यहाँहरू माझ जानकारी गराउन चाहान्छु । मौजुदा सहकारी ऐन, नियमावली र नियामकिय मापदण्डहरूलाई केन्द्रमा राखी स्विकृत भएको विनियमले संस्थालाई थप सुशासनयुक्त र जवाफदेही बनाएको छ । विनियम स्विकृतीका लागि सहकारी विभाग काठमाण्डौ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु,**

सहकारी ऐन २०७४ को व्यवस्था अनुसार साधारण सभाबाट पारित भए बमोजिम नगद लाभांश र संरक्षित पुँजी फिर्ता एकमुष्ट वितरण गर्न गईरहेका छौं । यसका अतिरिक्त सहकारी नियमावलीको दफा २५ बमोजिम सदस्यले संस्थासंग गरेको कारोबारका आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट समेत थप रकम वितरण गर्दै आईरहेका छौं । संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्दा नियमावली अनुसार असल कर्जा कारोबार गर्ने सदस्यलाई मात्र गरिने भएकोले संस्थासंग ऋण कारोबार गर्ने सदस्यहरूलाई कर्जाको भाखा ननघाई असल कारोबार गर्नहुन म आग्रह गर्दछु । संस्थाको वित्तिय स्थिती सुदृढ भईरहेको अवस्थामा केही ऋणी सदस्यहरूले संस्थालाई तिर्नुपर्ने सावाँ ब्याज समयमा भुक्तानी नगर्दा संस्थालाई

ब्यय भार थपिदै गएको छ । जसले गर्दा संस्थाले एक आ. व. मा असुल हुने ब्याज आम्दानीको केही अंशलाई जोखिम कोषमा राख्नु पर्ने अवस्था छ । अतः सम्पूर्ण ऋणी सदस्यहरूलाई म आग्रह गर्न चाहान्छु की संस्थाबाट लिएको कर्जाको समयमा नै नियमित भुक्तानी गरी कर्जाको सही सदुपयोग होस जसबाट संस्था तथा सदस्यहरूलाई उचित प्रतिफल मिलोस् ।

**अन्त्यमा,**

संस्थालाई आजको अवस्था सम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्यू, पुर्वसंचालक ज्यूहरू, मेरा सहकर्मी सञ्चालकज्यू, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यू, सल्लाहकार समितिका मित्रहरू, कर्मचारी मित्रहरू, संस्थालाई सहयोग गर्ने विभिन्न बैक, वित्तिय संस्था, नियमनकारी निकाय, सरकारी तथा गैरसरकारी संस्था एवं निकाय लगायत सम्पूर्ण शुभेच्छुकहरूलाई उहाँहरूले यस संस्थाको प्रगतिका लागि पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको लागि हार्दिक धन्यवाद दिदै विद्यमान संचालक समितिको अध्यक्षको हैसियतले संस्थालाई प्रगती पथमा डोऱ्याउन मौजुदा संचालक समिति अझ बढी जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भई भूमिका निर्वाह गर्नेछ भन्ने यहाँहरू माझ प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद,

जय सहकारी । जय किसान ।
सुरेन्द्र कुमार शाह
अध्यक्ष

# हार्दिक श्रद्धाञ्जली

**आ.व. २०८१/०८२ मा विभिन्न समयमा विविध कारणले दिवंगत हुनु भएका यस संस्थाका शेयर सदस्यहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, दुखद् क्षणमा शोकसन्तप्त हुनुभएका परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।**

सुरेन्द्र कुमार शाह
अध्यक्ष
एवं

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

लम्की,कैलाली

## लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन

किसान बहुउद्देश्यीय सहकारी संस्था लि. लम्की, कैलालीको ३१ औं वार्षिक साधारण सभा कार्यक्रमका आदरणीय सभा अध्यक्ष ज्यू,प्रमुख अतिथि ज्यू,विशिष्ट अतिथि ज्यू,अतिथि ज्यूहरू,विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरू,शेयर धनी महानुभावहरू, संस्थाको वर्तमान तथा पूर्व सञ्चालक समिति, सल्लाहकार समिति एवम् लेखा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यूहरू,संस्थाका महाप्रवन्धक एवम् सम्पुर्ण कर्मचारी तथा पत्रकार मित्रहरू र उपस्थित सबैमा सहकारी अभिवादन ।

आफ्नो कार्य ब्यस्तताका बावजुत पनि हाम्रो निमन्त्रणालाई स्विकार गरि यस कार्यक्रममा उपस्थित हुनु भएका सम्पूर्ण अतिथि महानुभावहरूलाई संस्थाको लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा आभार प्रकट गर्न चाहन्छौं । सहकारी ऐन २०७४ मा ब्यवस्था गरिएको लेखा सुपरिवेक्षण समितिको काम, कर्तब्य र अधिकारको अधिनमा रहि आ. व. २०८१/०८२ मा संस्थाका गतिविधिहरूको निर्धारित समयमा नियमित रूपमा गरिएको आन्तरिक लेखा परिक्षणको वार्षिक प्रतिवेदन यस गरिमामय सभामा पेश गर्न पाउँदा हर्षित भएका छौं । संस्थाका क्रियाकलापहरूलाई पारदर्शी एवम् विश्वसनिय बनाउँदै निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउँन लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीलाई दायित्व बोधका साथ निर्वाह गरि सहकारी मापदण्डले निर्देशित गरेका मार्गनिर्देशनलाई आत्मसात गर्दै तयार गरिएको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यस गरिमामय सभामा पेश गरेका छौं ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था** : मिति २०८१ पुस ५ गते सम्पन्न संस्थाको ३० औं वार्षिक साधारण सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन पारित, आ.व.२०८०/०८१ को वार्षिक लेखा परिक्षण पारित, आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन, आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्दै सम्पन्न भएकोमा सो स्विकृत वार्षिक बजेटको सिमाभित्र रहि गरिएको छ ।

२. **सञ्चालक समिति र उप समितिहरुको आ.व २०८१।८२ बैठक संख्या**

| | | | |
|---|---|---|---|
| सञ्चालक समिति | १५ | कृषि उपसमिति | ८ |
| विनियम/नियमावली संसोधन उपसमिति | ३ | खरिद/निर्माण उपसमिति | १७ |
| कर्जा उपसमिति | २३ | शिक्षा/तालिम उपसमिति | ७ |
| व्यवसाय उपसमिति | ३ | बजेट उपसमिति | २ |
| पदपुर्ति उपसमिति | ११ | कर्जा असुली तथा धितो लिलाम कार्यदल उपसमिति | ८ |

३. **सहकारी विभाग तथा अन्य नियमनकारी निकायबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त व्यवस्था** : संस्थाले समय-समयमा सहकारी विभाग र अन्य नियमनकारी निकायबाट प्राप्त निर्देशन, मापदण्ड तथा निर्देशिकाहरूको निरन्तर पालना गर्दै आईरहेको पाईएको छ ।

४. **ऋण लगानीको प्रकिया, ऋण वाफतको सुरक्षण वा धितो सम्बन्धि ब्यवस्था** : संस्थाले अद्यावधिक ऋण नीति तर्जुमा गरी धितोमा जग्गा तथा मापदण्ड अनुसार बनेको घर र समूह जमानीको आधारमा बिना धितो ऋण लगानी गर्ने गरेको पाईयो ।

५. **सहकारी विभागले अनुगमन गरी प्रस्तुत गरेको प्रतिवेदन अनुसारका सुझाव तथा निर्देशनहरु कार्यान्वयन सम्बन्धि ब्यवस्था**: सहकारी विभागले समय समयमा संस्थाको अनुगमन गरी दिएका आवश्यक सुझाव र निर्देशनहरू कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ ।

६. **समितिका पदाधिकारीहरुको ऋण, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा सम्बन्धि ब्यवस्था :**

क) यस संस्थाका पदाधिकारीहरूले कुनै प्रकारको ऋण लिन नपाउँने ब्यवस्था छ ।

ख) यस संस्थाका कुनै पनि पदाधिकारीहरूले कुनै प्रकारको पारिश्रमिक लिएको पाईएन ।

ग) संस्थाको सञ्चालक समितिका पदाधिकारीहरूले बैठक बसेको समयमा प्रति बैठक रू.५,०००/-( पाँच हजार ) भत्ता र रू.५००/- (पाँच सय) यातायात खर्च र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले रू. २,०००/-(दुई हजार) भत्ता र रू.२५०/-( दुई सय पचास) यातायात खर्च लिने गरेको पाईयो ।

घ) संस्थाको कामले कैलाली,कञ्चनपुर,बाँके र बर्दिया जिल्लाभित्र जाँदा रू.२,०००/-(दुई हजार) भ्रमण भत्ता लिने गरेको पाईयो ।

ङ) वैदेशिक भ्रमणमा जाँदा संस्थाको कार्यविधि र नीति अनुसार भत्ता लिने ब्यवस्था रहेको पाईयो ।

७. **कर्मचारी भर्ना प्रक्रिया र संख्या :**

**प्रक्रिया** : संस्थाले आवश्यक कर्मचारी भर्ना गर्दा खुला विज्ञापन गरी लिखित,मौखिक र प्रयोगात्मक परीक्षाको माध्यमबाट छनौट गर्ने गरेको पाईयो ।

**संख्या** : संस्थामा हाल जम्मा ३०५ जना कर्मचारीहरू कार्यरत रहेको पाईयो ।

ज्यालादारी - ४० करार - ७१ अस्थायी - ६३ स्थायी - १३१

८. **शाखा तथा सेवा केन्द्र संख्या :**

| | | |
|---|---|---|
| १) ईलाका कार्यालय -५ | २) वित्तिय युनिट शाखा कार्यालय -४० | ३) किसान कोप मार्ट -३ |
| ४) किसान कोप एग्रो अन्तर्गत : लम्की एग्रो मार्ट, राजापुर एग्रोमार्ट, कोल्ड स्टोर, माटो परिक्षण प्रगोगशाला, कृषि फार्म अमरावती | | |

अन्तमा,वर्तमान सहकारी ऐनमा रहेको व्यवस्था र सहकारीताको सिद्धान्तलाई आत्मसात गर्दै संस्थामा वित्तिय अनुशासन र पारदर्शिता कायम राख्न भविष्यमा लेखा सुपरिवेक्षण समितिको कार्यलाई अझ प्रभावकारी बनाउँदै लैजान विभिन्न ब्यक्ति तथा निकायहरूबाट प्राप्त सुझावहरूलाई मनन गर्दै संस्थाको वृहत्तर हितको लागि प्रभावकारी रूपमा आन्तरिक लेखा परिक्षण गर्न आवश्यक कार्य योजना बनाई अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्दै आन्तरिक लेखा परिक्षण कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै संस्थाको ३१ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| देवानन्द जैसी बजगाई | कृष्ण बहादुर रावल | नृप बहादुर कुँवर |
| (सदस्य) | (सदस्य) | (सदस्य) |
| लेखा सुपरिवेक्षण समिति | लेखा सुपरिवेक्षण समिति | लेखा सुपरिवेक्षण समिति |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

**लम्की, कैलाली**

## महाप्रबन्धक डम्बर बहादुर शाहद्वारा ३१औं वार्षिक साधारण सभामा प्रस्तुत नीती तथा कार्यक्रम



संस्थाको ३१ औ बार्षिक साधारणसभामा सहभागी सम्पूर्ण शेयरसदस्य महानुभाव ज्यूहरूमा सहकारी अभिवादन । संस्थाप्रतिको अगाध स्नेह र कुशल मार्गदर्शनले संस्थाले अनवरत रूपमा ३१ औ वर्षको सेवामा समर्पित भईरहेको छ । बितेको ३० वर्षमा थोरै अनुकुल तर धेरै प्रतिकुल वातावरणमा तमाम उतारचढावहरूको सामना गर्दै आज ३१ औं साधारणसभा सम्मको यात्रा तय गर्न यो संस्था सफल भएको अवसरमा म सम्पूर्णमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्न चाहान्छु । तीन दशक लामो यात्रामा मैले पनि आफ्नो जीवनका सबैभन्दा सक्रिय वर्षहरू यसै संस्थाको सेवामा अर्पण गर्ने सौभाग्य पाएँ । यस संस्थासँगको मेरो सम्बन्ध केवल पेशागत होइन, भावनात्मक र जीवनका मूल मूल्यहरूसँग गाँसिएको छ । सहकार्यको अर्थ मैले यहीँ बुझें, सेवाको सन्तोष मैले यहीँ महसुस गरें, र सफलताको स्वाद मैले सदस्यको खुशीमा देखें । अब हामी नयाँ चरणमा प्रवेश गर्दैछौं – जहाँ चुनौती फरक छन्, तर हाम्रा मूल्यहरू उही छन्। हामी अझ सुदृढ प्रणाली, पारदर्शी व्यवस्थापन, र नवप्रवर्तनकारी सोचका साथ अगाडि बढ्दैछौं । सहकारीलाई आर्थिक मात्र होइन, सामाजिक रूपान्तरणको माध्यम बनाउने हाम्रो संकल्प अझ बलियो बनेको छ ।

सुरूवातका दिनमा जब यो संस्था स्थापना हुँदै थियो, त्यसबेला आर्थिक पहुँच, बचतको संस्कार र सहकार्यको भावना दुर्लभ थियो । साधन सीमित थिए, तर उद्देश्य विशाल । यात्रा आरम्भ गर्दा न त सुविधायुक्त कार्यालय थियो, न त प्राविधिक जनशक्ति । थियो त केवल विश्वास, लगन र समुदायको आत्मीयता । यिनै आधारमा हामी अघि बढ्यौं, संघर्ष गर्यौ, र समयसँगै उपलब्धिको सीढी चढ्दै आज यहाँ आइपुगेका छौं ।

### आ.व. २०८१/८२ मा आर्थिक अवस्था र सहकारी क्षेत्रको विश्लेषण

गएको आर्थिक वर्षमा नेपालको आर्थिक प्रगति सुस्त रह्यो। आर्थिक वृद्धिदरमा मन्दी देखिँदा कुल गार्हस्थ उत्पादन (GDP) वृद्धि दर करिब ३ प्रतिशतमा सीमित रह्यो। उत्पादनमुखी क्षेत्रहरू – विशेषतः कृषि, उद्योग र निर्माण – अपेक्षित सुधार गर्न असफल भए ।

वित्तीय तथा बैंकिङ प्रणालीको सन्दर्भमा हेर्दा, तरलता प्रशस्त भए तापनि लगानीयोग्य क्षेत्रहरूको विस्तार हुन सकेन। परिणामस्वरूप, रोजगारी सृजनामा कमी र आय वृद्धिमा मन्दी देखियो। वित्तीय संस्थाहरूको कर्जा लगानीको दायरा खुम्चँदै गएको छ भने, खराब कर्जाको दर (Non–Performing Loan) निरन्तर बढ्दो क्रममा छ।

राजनीतिक अस्थिरताका कारण ठूला तथा मझौला उद्योगी-व्यवसायीहरू लगानी गर्न हिचकिचाइरहेका छन्, जसको प्रत्यक्ष असर उत्पादन, आय र रोजगारीमा परेको छ । सहकारी क्षेत्रमा पनि विभिन्न चुनौतीहरू देखिएका छन् । सहकारी ठगीका पीडितहरू अझै पनि न्याय पाउनबाट वञ्चित छन् । यद्यपि केही सकारात्मक पहलहरू सरकारद्वारा गरिएका छन् । सहकारी ऐनमा संशोधन गरी बचत तथा ऋण कारोबार गर्ने सहकारीहरूको नियमन गर्ने प्राधिकरण गठन गरिएको छ, साथै समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरिएको छ।

तर, समितिले समस्याग्रस्त सहकारीहरूको सूची विस्तार गर्दै गए पनि पीडितले न्याय पाउने अवस्था

अझै कमजोर छ । प्राधिकरणले नियमन मापदण्ड जारी गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनमा कमजोरी रहँदा सहकारीप्रतिको जनविश्वास पुनःस्थापित हुन सकेको छैन ।

हाम्रो ठम्याइ अनुसार, गल्ती गर्ने सहकारी र सञ्चालकहरूमाथि छिटो कारबाही हुनुपर्छ । साथै, नीति र विधि मिचेर मनोमानी ढंगले सञ्चालन भइरहेका सहकारीहरूको कडा अनुगमन र जवाफदेही संयन्त्र विकास गर्नु अत्यावश्यक छ ।

## सहकारी अभियानका सृजनात्मक आयाम र नियमनको आवश्यकता

सहकारी अभियानले नेपालमा समुदाय-केन्द्रित आर्थिक र सामाजिक रूपान्तरणको सशक्त आधार निर्माण गरेको छ। सहकारीका सृजनात्मक आयामहरू हेर्ने हो भने, स्वनियमनमा सञ्चालन भएका कतिपय देशभित्रका सहकारीहरूले उदाहरणीय उपलब्धि हासिल गरेका छन् । ती उदाहरणीय सहकारीहरूमध्ये हाम्रो संस्थासमेत पर्छ भन्ने गर्व हामीलाई छ। यो केवल हाम्रो दाबी होइन, विभिन्न स्वतन्त्र निकायहरूको मूल्यांकन र परीक्षणबाट चयन गरिएका नेपालका उत्कृष्ट १० सहकारीहरू मध्ये हाम्रो संस्था पाँचौँ स्थानमा परेको छ ।

सहकारी क्षेत्रमा देखा परेका विकृति र विसंगतिहरू नियन्त्रण गर्ने जिम्मा केवल नियामक निकायहरूकै नभई, हामी सबै सहकारी सदस्यहरूको पनि साझा जिम्मेवारी हो। अहिले नेपालमा करिब ३३ हजार सहकारी संस्था दर्ता छन्। तीमध्ये केही सहकारीहरूले समुदाय-मुखी र उदाहरणीय कार्य गर्दै सहकारी आन्दोलनको गौरव बढाइरहेका छन् । यद्यपि, संख्यात्मक रूपमा अत्यन्त सानो प्रतिशतमा मात्र सहकारीहरू धराशायी भएका, भागेका वा समस्याग्रस्त घोषित भएका भए पनि, ती घटनाले समग्र सहकारी अभियानमाथि नै सामान्यीकरणको दृष्टिकोण सृजना गरेको छ, जसले सहकारी क्षेत्रको विश्वसनीयता प्रभावित पारेको छ ।

हालको संघीय शासन व्यवस्थाअनुसार, सहकारी संस्थाहरूको नियमन गर्ने जिम्मा संघ, प्रदेश र स्थानीय सरकार बीच बाँडिएको छ। त्यसैले, यी नियामक निकायहरूबीच समन्वयको सुदृढ संयन्त्र विकास गर्नु अपरिहार्य छ। त्यसैगरी, सहकारीहरूको सुशासन, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताका लागि समयमै आवश्यक ऐन, नियम तथा मापदण्ड निर्माण गरी कडाइका साथ कार्यान्वयन गर्नु आजको आवश्यकता हो। सहकारी अभियानलाई शुद्ध, सशक्त र आत्मनिर्भर बनाउने हाम्रो साझा लक्ष्य प्राप्तिका लागि सदस्य, सञ्चालक र नियामक निकाय सबैको सक्रिय भूमिका अनिवार्य छ ।

## वित्तीय प्रतिस्पर्धा र हाम्रो संस्थाको पहिचान

यस क्षेत्रमा हाल बैंक तथा वित्तीय संस्थाहरूबीच तीव्र प्रतिस्पर्धा देखिएको छ। यस्ता चुनौतीपूर्ण परि स्थितिका बीच पनि हाम्रो संस्थाले निरन्तर नयाँ-नयाँ कार्यक्रमहरू ल्याउँदै, यस क्षेत्रभित्र दरिलो उपस्थिती जनाउनुका साथै उल्लेखनीय लोकप्रियता हासिल गर्न सफल भएको छ । हाम्रो संस्थाले आजको यो स्थान सदस्यकेन्द्रित दृष्टिकोण अपनाउँदै, सदस्यहरूको आवश्यकतामाथि आधारित योजनाहरू तयार गरी कार्यान्वयनमा ल्याएको परिणामस्वरूप प्राप्त गरेको हो। अब यो उपलब्धिलाई संस्थागत रूपमा सुदृढ गर्दै, अझै लामो यात्राको दिशा तय गर्नु हाम्रो सामूहिक जिम्मेवारी बनेको छ। यो यात्रामा सफलता प्राप्त गर्नका लागि तपाईंहरूको साथ, सहयोग र निरन्तर समर्थन अपरिहार्य छ । म पूर्ण विश्वासका साथ भन्न चाहन्छु – यदि हामी सबै एकताको भावना, साझा सोच र सृजनात्मक ऊर्जा लिएर अघि बढ्यौं भने, कुनै पनि चुनौती पार गर्न असम्भव छैन ।  तसर्थ, यो साधारणसभाले नयाँ सोच, दीर्घकालीन योजना, नवप्रवर्तन र सृजनात्मक कार्यक्रमहरूका माध्यमबाट संस्थाको आगामी दिशानिर्देशन गर्नेछ भन्नेमा म दृढ विश्वास राख्दछु ।

## स्थानिय सहभागिता र संस्थाको साखबृद्धि

आदरणीय शेयरधनी महानुभावज्यूहरू, हाम्रो यो संस्था स्थानिय समुदायकै पहल, विश्वास र निरन्तर साथ-सहयोगबाट जन्मिएको र फस्टाएको संस्था हो । स्थानिय स्तरमा हुने स-साना घटना-परिघटनाहरू तथा तीबाट उत्पन्न प्रभावहरूबाट हाम्रो संस्था पनि अछुतो रहन सक्दैन। त्यसैले, हामी सधैं यो मान्यतामा रहँदै आएका छौं कि – यदि स्थानिय स्तरमा सकारात्मक परिवर्तन र आर्थिक समृद्धि हुन्छ भने, त्यसको प्रत्यक्ष लाभ संस्था र सदस्य दुबैलाई प्राप्त हुन्छ । संस्थाको निरन्तर कारोबार विस्तार र व्यवसायिक आयाममा देखिएको वृद्धिसँगै संस्थाको साख (Credibility) समेत उल्लेखनीय रूपमा उकासिएको छ। यो साख केवल वित्तीय परिणामले होइन, सदस्यहरूको विश्वास, पारदर्शिता र सेवा विस्तारका माध्यमबाट स्थापित भएको हो । संस्थाको साख बढेसँगै हाम्रो सदस्य तथा समुदायप्रतिको उत्तरदायित्व पनि थप बृद्धि भएको महसुस गरिएको छ । यही जिम्मेवारी बोधका साथ, संस्थाले "किसान कोप योजना" अन्तर्गत सदस्यहरूलाई जन्मदेखि मरणोपरान्तसम्म सहजीकरण र सुरक्षाको अनुभूति दिलाउने उद्देश्यले विभिन्न सुविधा र सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

**हालसम्म यस योजनाअन्तर्गत वितरण गरिएका सुविधाहरुको विवरण यस प्रकार रहेको छ ।**

| क्र. स. | सुविधाका प्रकार | सदस्य संख्या | कुल रकम |
|---|---|---|---|
| १ | सुत्केरी स्याहार खर्च | ९,८०८ | १,५९,२०,००० |
| २ | आगलागी राहत | ४३३ | १५,४९,९४० |
| ३ | कर्जा मिनाह सुविधा | १५१६ | २३,३७,७५,६२७ |
| ४ | काजक्रिया खर्च | ३०३७ | ३,०७,९७,६८९ |
| ५ | छात्रावृति | ३४९ | १८,५०,५०० |
| ६ | औषधी उपचार खर्च | ६४० | ६५,४१,५३९ |
| ७ | Covid Care सुविधा | २१९ | १०,९५,००० |
| ८ | पहिरो राहत | ६१ | २,२२,५०० |
| **जम्मा** | | **१६०५३** | **२९,१७,५२,७९५** |

### जनशक्ति व्यवस्थापन :

संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धी, उत्प्रेरणा, प्रोत्साहन लगायतका कार्यक्रमहरू गर्दै आएको । Right person in right Position को अवधारणा अनुसार योग्यता र दक्षताका आधारमा पदसोपान गरेका छौ । संस्थाको दैनिक कार्यसम्पादनमा सहजता एवं सदस्य तथा समुदाय सेवालाई प्रभावकारी बनाउन केन्द्रिय कार्यालयहरूमा सन्चालन विभाग, कर्जा विभाग, असुली विभाग, अनुगमन विभाग, सूचना प्रविधि विभाग लगायतका विभागहरू गठन गरेका छौ । चालु आ.व.बाट संस्था सञ्चालनका भावी नीति तथा योजना तर्जुमा गर्न, सदस्य सन्तुष्टिको सर्वेक्षण गर्न, गुनासो सुन्न एवं नीतिहरूको अनुपालन तथा समुदायसँगको जनसम्पर्क सम्बन्धी कार्यलाई सहज बनाउन नीति तथा अनुपालन विभागको व्यवस्था गरेका छौ । संस्थाको मौजुदा दरबन्दीमा हाल कार्यरत कर्मचारीहरूको विवरण निम्नानुसार रहेको छ ।

| महिला कर्मचारी संख्या | पुरूष कर्मचारी संख्या | जम्मा कर्मचारी संख्या |
|---|---|---|
| १०७ | २०० | ३०७ |

### सूचना प्रविधिको प्रयोग :

यस संस्थाले सूचना प्रविधिको क्षेत्रमा 'डिजिटलाईजेसन' लाई उच्च प्राथमिकतामा राखि कागजरहित कारोबारलाई प्रोत्साहित गरिरहेको छ । नमुना ट्याब्लेट बैकिङ्, मोबाईल बैकिङ्, मिसकल बैकिङ्,

शाखाका नगद काउन्टरहरूमा भुक्तानीका लागि चेकको विकल्पमा QR र POS मार्फत नगद भुक्तानी आदी नविनतम प्रयासहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । कर्मचारी व्यवस्थापन सम्बन्धि सफ्टवेयर, ई-हाजिरी तथा मोबाईल एप्लीकेशन समेत सञ्चालनमा ल्याएका छौं । संस्थाका गैर वित्तीय व्यवसायहरू तर्फ समेत कम्प्यूटराईज्ड बिलिङ्को प्रयोग गर्दै आएको छ ।

**तालिम तथा गोष्ठी :**

संस्थाले सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि हरेक वर्ष आवश्यकता अनुसार विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू आयोजना गर्नुका साथै देश भित्र तथा बाहीर हुने तालिम तथा गोष्ठीहरूमा समेत सहभागिता जनाउँदै आएको छ । सदस्यलाई पुनर्ताजगी स्वरूप चालु आ.ब. मा संस्थाले सदस्यहरूका लागि शाखा स्तरमा बृहत तिज मिलन कार्यक्रम समेत आयोजना गरेको छ । जसमा सदस्य दिदीबहीनीहरू भेला भई एकआपसमा शुभकामना आदान-प्रदान गर्नुका साथै नाचगान गरी मनोरञ्जन गर्ने अवसर समेत दिईएको थियो । त्यस्तै मनोरन्जनतात्मक भिडियो सामाजिक सञ्जालमा पोष्ट गर्ने उत्कृष्ट सदस्यलाई संस्थाले पुरस्कृत समेत गरेको थियो ।

| **(क) सदस्य तालिम :** | | | |
|---|---|---|---|
| क्र.सं. | तालिमको नाम | तालिम संख्या | सहभागी सदस्य संख्या |
| १. | लघुउद्यम बिकास तालिम (अगरबत्ती तथा धुपबत्ती) | २ | ६० |
| २ | वित्तिय साक्षरता तालिम (स्कूलका विद्यार्थीहरूलाई) | १ | ४९ |
| ३ | कृषि (कैलाली जिल्लाका किसानहरूलाई २०५६३ वटा फलफुलका विरूवा वितरण ) | २० | १७६ |
| ४ | कृषि तरकारी बाली तालिम | ४२ | १३०० |
| ५ | नविकरणिय उर्जा सम्बन्धि विद्यालय स्तरीय अभिमुखिकरण २०८२ | ४ | २१८ |
| ६ | सहकारी शिक्षा तथा तीज मिलन कार्यक्रम | १५०० | ४५९०० |
| | जम्मा तालिम | १५६९ | ४७७०३ |

| **(ख) कर्मचारी तालिम : बाहिय** | | | |
|---|---|---|---|
| क्र.सं. | तालिमको नाम | तालिम संख्या | सहभागी कर्मचारी संख्या |
| 1 | Relationship Building & Effective Recovery Management | १ | २ |
| 2 | secured Land & collateral For co-operatives | १ | ३६ |
| 3 | Entrepreneurship Development Training | १ | ४० |
| 4 | Training cum workshop for mfls | १ | २ |
| 5 | Training on Delinquency & Client Relationship Management | १ | ४० |
| 6 | Prevention of Money Laundering | १ | २ |
| 7 | Legal provisions related to loan recovery in cooperatives. | १ | २ |
| 8 | Motivation and stress management | १ | ४ |
| 9 | Secured Land & collateral For co-operatives | १ | ४२ |
| 10 | Effective Recovery Management | १ | ६ |
| 11 | Credit Recovery management | १ | ४ |
| 12 | Skills and smart work in the 21st century | १ | १९५ |
| 13 | Winning Recovery Strategies for mfls | १ | ८ |
| 14 | Strengthening Recovery skill practical Strategies for field staff | १ | ८ |
| | **Total** | **१४** | **३९१** |

| (ग) कर्मचारी तालिम : आन्तरिक | | | |
|---|---|---|---|
| क्र.स. | तालीमको नाम | तालिम संख्या | सहभागी संख्या |
| १ | जीवन बिमा सम्बन्धि उत्प्रेरणा कार्यक्रम | १ | २१ |
| २ | ग्लोबल मनी विक कार्यक्रम बिद्यार्थीहरूसँग | १ | ३९ |
| ३ | अन्तरक्रिया कार्यक्रम सम्पुर्ण शाखा प्रमुख तथा फिल्ड कर्मचारीहरूलाई | ४ | १८० |
| ४ | पञ्चवर्षिय योजना तर्जुमा गोष्ठी | २ | ५४ |
| | जम्मा तालिम | ८ | २९४ |

**सदस्यहरुको सुझाव र त्यसको कार्यान्वयन:**

यस संस्थाले सदस्यहरूलाई सेवामा पूर्ण सन्तुष्टी दिने सोचका साथ केन्द्र बैठकमा छलफल, ईकाई भेलाहरूमा छलफल लगायत औपचारिक तथा अनौपचारिक रूपमा सुझावहरू ग्रहण गरि प्राप्त रचनात्मक सुझावहरू आवश्यकता अनुसार ग्रहण गर्दै आएको छ । साथै शाखाहरूमा गुनासो बाकस, केन्द्रिय कार्यालय टोल फ्रि नम्बर, सुझाव पेटिका मार्फत सुझाव संकलन गर्ने गरेको छ । तसर्थ, म सम्पूर्ण सदस्य तथा सेवाग्राहीमा अनुरोध गर्न चाहान्छु, यदी तपाईका केही गुनासा, सुझाव वा उजुरी भएमा सम्बन्धित शाखाको गुनासो बाकस वा केन्द्रिय कार्यालयमा रहेको पैसा नलाग्ने फोन (टोल फ्रि नम्बर : १६६०९११७३३३) मा फोन गरेर आना गुनासा वा उजुरी दर्ता गराउनु होला । यसरी दर्ता भएका गुनासा वा उजुरीहरू सम्बन्धित कार्यालय, ईलाका, विभाग वा महा-प्रबन्धकको सचिवालयबाट यथाशिघ्र सम्बोधन गर्ने प्रयत्न गरिनेछ ।

**आगन्तुक संस्थाहरुको विवरण :**

पछिल्लो समय संस्थामा भ्रमण गर्न आउने आगन्तुकहरूको संख्यामा बृद्धि हुँदै गएको छ । आगन्तुक संस्थाका पदाधिकारीहरूले यस संस्थाको केन्द्रिय कार्यालय तथा आवश्यकता अनुसार शाखा कार्यालयको भ्रमण गरी संस्थाबारे आवश्यक जानकारी हासिल गरेका छन् । संस्थाले सञ्चालनमा ल्याएका विभिन्न सेवाहरूको जानकारी लिने तथा संस्थाको किसान-कोप मार्ट तथा किसान-कोप एग्रो लगायतका नविनतम् कार्यहरूको अनुभव सँगाल्न अन्य निकायका प्रतिनीधिहरू आउने गर्दछन् । समिक्षा आ.व.मा यस संस्थामा अध्ययन/अवलोकनका आगन्तुक संस्था तथा निकायहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | आगन्तुक संस्थाको नाम, ठेगाना | सहभागी संख्या | मिति |
|---|---|---|---|
| १. | जिल्ला बहुउद्देश्यीय सहकारी संध, रूपन्दही | २५ | २०८१/०५/१८ |
| २. | कुशल बचत तथा ऋण सहकारी संस्था | १२ | २०८१/०७/०५ |
| ३. | कोहलपुर सहकारी संस्था, बाँके | १५ | २०८१/१०/०७ |
| ४. | साना किसान कृषि संस्था लि., बुद्धभुमी कपिलबस्तु | ४० | २०८१/१०/१० |
| ५. | भरीपुर्ण बहुउद्देश्यीय सहकारी संस्था, सर्खेत | २८ | २०८१/१०/१८ |
| ६. | पुलचोक कृषि सहकारी संस्था, कपिलबस्तु | १८ | २०८१/११/११ |
| ७. | बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था | ३८ | २०८१/१२/२१ |
| ८. | वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था, सुर्खेत | १५ | २०८२/०१/०८ |
| ९. | जिल्ला बचत तथा ऋण सहकारी संस्था बर्दिया | २४ | २०८२/०१/१५ |

**शेयरसदस्य महानुभावहरु**

अब म संस्थाले तय गरेका भावी योजनाहरूको बारेमा जानकारी गराउँन चाहन्छु । यस आ.ब. मा संस्था VISION 2030 तय गरेको छ । जस अनुसार सन् २०३० सम्मको रणनैतिक कार्ययोजना तयार पारेको छ । संस्थाले हाल गर्दै आईरहेका सदस्य एवं समुदायमूखी कार्यक्रमहरूका अतिरिक्त समय परिस्थितिको अनुकुलताका आधारमा देहायका थप कार्यक्रमहरू विस्तार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु ।

**वित्तिय तथा सञ्चालन लक्ष्य तर्फ :**

- सदस्य १ लाख पुऱ्याउने ।
- कुल कारोबार ११ अर्ब पुऱ्याउने ।
- वित्तीय व्यवसायका सेवाहरूको विस्तारगरी ४३ शाखा पुर्‍याउने ।
- एकै छानामुनीबाट संस्थाका बहुव्यवसायिक सेवा प्रदान गर्ने गरी कम्तीमा ५ सेवा केन्द्रहरूको विस्तार गर्ने ।
- गैरवित्तीय व्यवसाय तर्फका सेवाहरूको विस्तार गर्दै १० आउटलेटहरू थप गर्ने ।

**सामाजिक लक्ष्य तर्फ :**

- समावेशी वित्तीय नीति अनुरूप सेवा विविधीकरण गर्ने ।
- दुर दराजका विपन्न परिवकारका कम्तीमा १००० घरधुरी सम्म सेवा पुऱ्याउने ।
- ५०० जनालाई प्रत्यक्ष रोजगारी दिने ।
- ५० हजार विद्यार्थीलाई वित्तीय तथा सहकारी शिक्षा दिने ।
- विपन्न परिवारका विद्यार्थीहरूको शैक्षिक गुणस्तर तथा जीवनयापन सुधारका लागि सहकार्य, सहजिकरण गर्ने ।
- सदस्यका छोराछोरीका लागि निःशुल्क ट्यूसन तथा कोचिंग काउन्सीलिङ्गको व्यवस्था गर्ने ।
- कार्यक्षेत्रमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरि विद्यार्थीहरूलाई आवद्ध गर्ने ।
- सम्भावित शाखाहरूमा ईन्क्यूबेसन सेन्टर सञ्चालन गर्ने ।
- उद्यमी सदस्यहरूका लागि व्यवसाय विकास प्रशिक्षण तथा सिपमुलक कार्यक्रमहरू गर्ने ।
- कार्यक्षेत्रमा कम्तीमा २ लाख फलफुलका विरूवाहरू रोप्नका लागि सदस्य एवं समुदायलाई सहयोग गर्ने ।
- कार्यक्षेत्रमा अवस्थित विद्यालयहरूमा कम्तीमा ५०० वटा 3zero Club हरू गठन गरि त्यस्ता क्लबहरू मार्फत समुदायमा रचनात्मक कार्य गर्न प्रोत्साहन एवं सहायता गर्ने ।

**धन्यबाद ज्ञापन :**

संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथा जिल्ला सहकारी संघ, नेपाल बहुउद्देश्यीय सहकारी संघ, स्वावलम्वन विकास केन्द्र (CSD), साझेदार विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, दातृ निकायहरू, राजनीतिक दल, स्थानीय निकाय, व्यापारी बुद्धिजिवी, पत्रकार मित्रहरू, वर्तमान सञ्चालक समिति तथा पूर्व सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरू, लेखापरीक्षक तथा संस्थाको बृहत्तर विकासका लागि चिन्तित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा मेरा सहकर्मी कर्मचारी मित्रहरूबाट सदाझैं सहयोग एवं सुझावको अपेक्षा राख्दै हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै प्रस्तावित नीति तथा कार्यक्रम स्विकृत गरिदिनका लागि पेश गर्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय किसान । जय सहकारी ।

डम्बर बहादुर शाह
(महाप्रबन्धक)

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

**किसान बहुउद्येश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

**प्रतिदाबी राय *(Disclaimer of Opinion)***

हाम्रो रायमा, तल प्रतिदाबी सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा (Basis for Disclaimer of Opinión Para) मा उल्लेखित गरीएका विवरणका असरहरु बाहेक संलग्न वित्तीय विवरणहरुले **किसान बहुउद्येश्यीय सहकारी संस्था लिमिटेड**को (यस पछि 'संस्था' भनिएको) को २०८२ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

हामीले संस्थाको यसै साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कार्य सञ्चालन विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**प्रतिदाबी सहितको राय व्यक्त गर्ने आधार *(Basis for Disclaimer of Opinión)***

नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले मिति २०८० श्रावण १ देखि नेपाल वित्तिय प्रतिवेदनमान अनिवार्य लागु गरेको छ। सो बमाजिम संस्थाले यस आ. व. को वित्तिय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्ने हुन्छ । तर, यस संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार नगरी साबिकको नेपाल लेखामान अनुरुप वित्तिय विवरण तयार गरेको छ । वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान वमोजिम नगर्दा त्यसले पार्नसक्ने संचित असर अनिश्चित हुनुका साथै सारभुत र व्यापक हुन सक्दछ ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तिय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी**

संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागी जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन । वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको कममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।

P. Bhatta & Associates ★ Chartered Accountants ★

P. BHATTA & ASSOCIATES
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ। हामीसगं यस सम्बधमा रिपोर्ट गर्न केही छैन।

**वित्तीय विवरणप्रति व्यबस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ।

वित्तीय विवरण तयार गर्दा संस्थाको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यबस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ। सुशासनसँग जिम्मेवारको जिम्मेवारी संस्थाको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नुपर्दछ। सञ्चालक समिति संस्थाको वित्तीय रिर्पोटिङ प्रक्रियाको निरीक्षणको लागी जिम्मेवारी छ।

**वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरु सम्पूर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रूटीरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो। लेखापरीक्षण लेखामान सिद्धान्त अनुरुप गरिएको भएतापनि सारभूत त्रुटीहरु सधै पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुदैन। सारभूत त्रुटीहरु जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र त्यी त्रुटीहरु अलग अलग रुपमा वा समग्ररुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ।

नेपाल लेखामान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौ र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौ। क्रमश हामी :

